FEED THE FUTURE

The U.S. Government's Global Hunger & Food Security Initiative

# कृषि प्रसार सेवाभित्र लैंगिक र पोषण पक्षको एकिकरण

कृयाकलाप पाना

मार्च २०१६

## शक्तिमाथि वा शक्तिसंग

**अवधि: २ घण्टा**

आवश्यक सामाग्री:

- उद्देश्य र कृयाकलाप विषय लेखिएको फ्लिप चार्ट
- फ्लिप चार्ट कागज एक पाना प्रत्येक सानो समूहकोलागि
- मार्कर वा रंगीन शिशाकलम
- मार्किंग वा स्कच टेप
- एक महलमा शक्ति माथि र दोश्रो महलमा शक्तिसंग लेखी सोको विवरण उललेख गरिएको फ्लिप चार्ट



**परिचय:**

शक्ति विभिन्न किसिमका हुन्छन् । शक्तिमाथि भन्नाले मानिसमा भएको नकारात्मक लगाव जस्तै वलजफती, गाली, भेदभाव, दमन आदि बुझिन्छ । धेरैजसो घरपरिवारमा जोसंग श्रोत छ र जसले धेरैजसो निर्णय गर्दछ त्यो पुरुष हुन्छ । पुरुषसंग अरु परिवार सदस्यमाथिको शक्ति हुन्छ र ती सदस्यहरु प्राय निर्णमा भाग लिन र स्वस्थ खाना, स्वास्थोपचार, जमीन र वालवच्चा वारे निर्णय गर्नवाट बञ्चित हुन्छन् । शक्तिसंग भनेको सामुहिक वलवाट प्राप्त हुने शक्ति हो । शक्तिसंग मानिसमा भएको भिन्नताको वावजुद साझा कुरा पहल्याउनमा र सहकार्य गर्ने वाटो खोज्नमा आधारित छ । यदि मानिसहरुले एक आपसमा सहयोग, एकता र सम्मान गर्ने हो भने उनीहरु बढि प्रभाकारी ढंगले सहकार्य गर्न सक्नेछन् । यदि प्रसार कार्यकर्ताले आफुसंग काम गर्ने महिला तथा पुरुषको जीवनमा परिवर्तन गर्नु छ, महिला तथा पुरुषलाई उनीहरुको आफ्नै क्षमता एवम सामुहिक र समानताको आधारमा काम गर्ने शक्ति छ भन्ने कुरा जान्न सहयोग गर्नु छ भने शक्तिका विभिन्न प्रकार पहिल्याउनु र बुझ्नु जरुरी छ ।

**उद्देश्य:**

दुई किसिमका शक्तिको व्याख्या गर्ने

- ✓ महिला र पुरुषसंग शक्तिका विषयमा छलफल गर्दा आउने चुनौती परीक्षण गर्ने
- ✓ शक्तिमाथि वाट शक्तिसंग सर्ने उपाय पत्ता लगाउने

**पाठ योजना:**

१) कृयाकलापहरुको विषय र उद्देश्य पुनरावलोकन गर्ने । शक्तिमाथि र शक्तिसंग को सूची लिखित फ्लिप चार्ट वारे जानकारी गराउँदै कक्षाको परिचय दिने । सहभागीहरुलाई यो सूचीमा थप गर्न लगाउने ।

USAID FROM THE AMERICAN PEOPLE

This publication is made possible by the support of the American people through the United States Agency for International Development (USAID). The views expressed in this publication do not necessarily reflect the views of USAID or the United States Government.

INGENAES Integrating Gender and Nutrition within Agricultural Extension Services







| **शक्तिमाथि** | **शक्तिसंग** |
|---|---|
| बल | आपसी सहयोग |
| गाली | एकता |
| भेदभाव | पहिचान |
| हैकम | साझा |
| दमन | समावेसिकरण |
| बहिस्करण | सहयोग |
| नियन्त्रण | आदर |
| | विश्वास |
| | समन्वय |

२) सहभागीहरुलाई कृयाकलापवाट भूमिका अभिनय समूहमा (लैंगिक श्रम पहिचान) फर्कन भन्ने वा आफ्नो थरको पहिलो अक्षर अनुसार लाइन लागेर नयाँ समूह वनाउने । चार देखि पाँच जनाको सानो समूह वनाउने। (**५ मिनेट**)

३) तल लेखिएको जानकारी दिएर साना समूहहरुलाई शक्तिमाथि र शक्तिसंग को संकेत  वनाउन लगाउने। (**३० मिनेट**)
*प्रसार प्रदायकको हैशियतले तपाईं महिला तथा पुरुष किसानलाई दुई किसिमका शक्ति- शक्तिमाथि र शक्तिभित्र वारे व्याख्या गर्न कृयाकलाप वनाउदै हुनुहुन्छ। शक्ति प्रतिनिधित्व गर्ने संकेत मात्र प्रयोग गरेर दुई किसिमका शक्ति को भिन्नता दर्शाउन तपाईले प्रयोग गर्ने दृश्य निर्माण गर्नुहोस् । उदाहरणको लागि मुड्की उठाएको विरुद्ध हात मिलाएको।*

४) साना समूहहरुलाई पुन संगै ल्याएर  छोटकरीमा आफ्नो चित्र प्रस्तुत गर्न लगाउने। (**२० मिनेट**)

५) प्रस्तुती सकिए पछि सम्पूर्ण समूहलाई तलका प्रश्नहरु सोध्ने । (**३० मिनेट**)

- *कुन कुन संकेतले तपाईको लागि दुई किसिमको शक्तिको सर्वोत्कृष्ट प्रतिनिधित्व गर्छ ?*
- *शक्तिको विषयमा महिला तथा पुरुषसंग कुरा गर्नु किन चुनौतिपूर्ण छ?*
- *घरपरिवार र समुदाय भित्र हामी कसरी शक्तिमाथि देखि शक्तिसंग जान सक्छौं ?*

CC BY

Designed to be shared.

© INGENAES 2016 - Integrating Gender and Nutrition within Agricultural Extension Services)

This work is licensed under aCreative Commons At tribution 3.0 Unported License.
creativecommons.org/licenses/by/3.0/

www.ingenaes.illinois.edu/library

Prepared by Jan Henderson
University of Illinois

Photo Credits: Jan Henderson&Andrea Bohn

**अव के ?**

कामलाई व्यवहारमा उतार्ने । सहभागीहरुलाई आफ्नो सानो समूहमा फर्कन भन्ने र हरेक सदस्यले आफनो प्रतिकृया दिने अवसर सुनिश्चित गरी तलका प्रश्नहरु सम्वोधन गर्दै यी कामहरुलाई आफ्नो कार्यस्थलमा कसरी प्रयोग भैराखेको ठान्दछन् भन्ने सम्वन्धमा छलफल गर्न लगाउने

- *प्रशिक्षकको हैशियतले यी कृयाकलापहरुको कार्यान्वियन कसरी र कस्ता सहभागीसंग गर्न सकिएला ?*
- *यी कृयाकलाप कार्यान्वियन गर्न के परिवर्तन गर्न पर्छ होला ?*

प्रत्येक साना समूहलाई सम्पूर्ण समूहसंगको छलफलवाट प्राप्त एक विचार भन्न लगाउने । (२० **मिनेट**)

सन्दर्भ:

"Integrating Gender and Nutrition with Agricultural Extension Services" Facilitat Guide. USAID Integrating Gender and Nutrition into Agricultural Extension Systems (INGENAES), 2015. http://dev.ingenaes.illinois.edu/wp-content/uploads/Gender-and-Nutrition-Facilitators-Guide.pdf

*Nurturing Connections* – Helen Keller International Bangladesh p.p. 58 - 62.

Designed to be shared.

© INGENAES 2016 - Integrating Gender and Nutrition within Agricultural Extension Services)

This work is licensed under aCreative Commons At tribution 3.0 Unported License.
creativecommons.org/licenses/by/3.0/

www.ingenaes.illinois.edu/library

Prepared by Jan Henderson
University of Illinois

Photo Credits: Jan Henderson&Andrea Bohn